बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल

☎ (०२३) ५४०२४४ ५४०३१५


आन्तरिक आय संकलनको लागि

## बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७५/०३/२७*

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ घ, ५९,६० ,६२ र बिर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ अनुसार यस नगरपालिकाले उठाउन पाउने आगामी आ. व. ०७५/०७६ को देहायको आन्तरिक आय नेपाल सरकारको प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्न वाञ्छनिय रहेकोले देहायका ठेक्का शिर्षकहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी तोकिएको अवधि भित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र तथा बोलपत्र यो सुचना प्रकाशित भएको मितिबाट सि. नं.-१, २ र ३ को हकमा ३० (तीस) दिन र सि. नं.-४ को हकमा १५ (पन्ध्र) दिन भित्र देहायका शर्तहरुको अधिनमा रही बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

## ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम म्याद | बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर | बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र/शिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | दैनिक/साप्तहिक हाटबजार बहाल बिटौरी शुल्क (आ. व. ०७५/७६ का लागि) | २५,००,००१।- | २०७५/४/२४ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/२५ गते दिनको १२:०० बजे भित्र | २०७५/४/२५ गते दिनको २:०० बजे |
| २ | पटके सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) (आ. व. ०७५/७६ का लागि) | २८,५१,००१।- | २०७५/४/२४ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/२५ गते दिनको १२:०० बजे भित्र | २०७५/४/२५ गते दिनको २:०० बजे |
| ३ | विज्ञापन कर (आ. व. ०७५/७६ देखि ०७७/७८ सम्मका लागि) | १०,००,००१।- | २०७५/४/२४ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/२५ गते दिनको १२:०० बजे भित्र | २०७५/४/२५ गते दिनको २:०० बजे |
| ४ | कोइला व्यवसायीहरुलाई लिईने सेवा शुल्क (आ. व. ०७५/७६ का लागि) | ५,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |

शर्तहरु

१) ईच्छुक वोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र र गत आ. ब. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र पेश गरी कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) यसरी खरिद गरिएको बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भरी बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले ठेक्का नं.-१, २ र ३ को हकमा ३१ औं दिन र ठेक्का नं.-४ को हकमा १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । आफैं बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्न नसक्ने बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले रितपुर्वकको अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ । पर्न आएका बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजेपछि बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र/शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले स्पष्ट सही छाप गरेको हुनु पर्नेछ ।

४) बोलपत्र/शिलबन्दी दरभाउपत्रमा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा. वा. वैंक भद्रपुर स्थित हि. नं.-२२१०३०४०१८१०४ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट १२० ( एक सय विस ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६) नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजले बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले खामको बाहिर नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

८) ठेक्का नं.-१, २ र ४ को हकमा ठेक्का अवधि २०७५ श्रावण १ देखि २०७६ साल आषाढ मसान्तसम्म १ (एक) वर्षको हुनेछ र ठेक्का नं.-३ को हकमा ठेक्का अवधि २०७५ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्म रहनेछ ।

९) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१०) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र/शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

१२) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन २०७४ तथा विर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४, नेपाल सरकारको प्रचलित कानून तथा विर्तामोड नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

१३) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ ।

अन्य शर्तहरु

१) माथि उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्य अभिवृद्धि कर ( **VAT** ) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम एकमुष्ठ रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । साथै किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी बुझाउनु पर्नेछ ।

२) एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइनेछ । जसको नाममा फाराम खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्नेछ ।

३) बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको रितपूर्वकको बोलपत्र/शिलबन्दी दरभाउपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

४) ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ । किस्ताबन्दी र एकमुष्ठ रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ठ रकम बुझाउनेलाई प्राथमिकता दिइनेछ ।

५) किस्ताबन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ ( तीन ) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै वुझाउनु पर्नेछ । त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको रकम कार्तिक मसान्त र तेस्रो किस्ताको रकम फाल्गुण मसान्त भित्र वुझाउनु पर्नेछ ।

६) किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा विर्तामोड नपालाई ०.०२ प्रतिशत प्रति दिन सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ । किस्ता रकम वुझाउन म्याद नाघेको १५ दिन सम्ममा पनि रकम नवुझाएमा अन्तिम चेतावनी स्वरुप पुनः १५ दिनको म्याद दिई जरिवाना सहित रकम वुझाउन जानकारी गराइनेछ । सो म्यादमा पनि बुझाउनु पर्ने रकम ठेकेदारले नवुझाएमा कार्यालयले ठेक्का तोडी वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

७) ठेकेदारसंग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्ताबन्दी बुझाउनेको हकमा पहिलो किस्ता वुझाएको रकम वाहेक दोस्रो र तेस्रो किस्ताको वुझाउन वाँकी रकम वरावरको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य वैंकबाट जारी गरिएको ठेक्का नं.–१, २ र ४ को हकमा २०७६ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी वा ठेक्काको दोस्रो र तेस्रो किस्ताको हुन आउने रकम नगदै पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ । ठेक्का नं.–३ को हकमा एकमुष्ठ रकम बुझाएमा बाहेक अन्यको हकमा पहिलो किस्ता नगदै रकम भुक्तान गरेपश्चात बांकी रकमका निमित्त २०७८ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेण्टी पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ र प्रत्येक किस्ता रकम नियमानुसार समयमा नै नगद दाखिला गर्नु पर्नेछ ।

८) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

९) नेपाल सरकार तथा विर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

१०) शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ ( दुई ) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सोमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

११) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१२) ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

१३) विर्तामोड नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र/शिलबन्दी दरभाउपत्र मुल्यांकन गरिने छैन ।

१४) बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले खामको बाहिर आफुले लिन चाहेको ठेक्काको ठेक्का नं., नाम एवम् बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

१५) ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिएमा निजको अभिलेख कार्यालयमा राखी आगामी दिनमा आय ठेक्का बन्दोवस्त गर्दा सोलाई समेत प्राथमिकताको आधारमा गणना गरिनेछ ।

१६) शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नु पर्नेछ र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१७) ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा प्रचलित कानून बमोजिमको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

१८) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ । करका दरहरु, शिर्षकहरु तथा उठाउने प्रक्रियाका सम्बन्धमा द्विविधा हुन गएमा सो सम्बन्धमा नगरपालिकाले स्पष्ट गरे अनुसार हुनेछ ।

१९) अन्य विस्तृत जानकारीको लागि नगरपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम म्याद | बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर | बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र/शिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | दैनिक/साप्तहिक हाटबजार बहाल विटौरी शुल्क । | २५,००,००१।- | २०७५/४/२४ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/२५ गते दिनको १२:०० बजे भित्र | २०७५/४/२५ गते दिनको २:०० बजे |
| २ | पटके सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) | २८,५१,००१।- | २०७५/४/२४ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/२५ गते दिनको १२:०० बजे भित्र | २०७५/४/२५ गते दिनको २:०० बजे |
| ३ | राम चोक कुमालवाडी सडक पटके सवारी कर तथा कोइला व्यवसायीहरुलाई लिईने सेवा शुल्क | ७,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |
| ४ | सैनिक मोड गोलधाप सडक विर्तामोड खण्डको पटके सवारी कर | ३,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |
| ५ | विर्तामोड शनिश्चरे खुदुनावारी सडकको विर्तामोड खण्ड (महानन्द चोक) पटके सवारी कर | ८,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |
| ६ | चारपाने राजगढ सडकको विर्तामोड खण्ड (चैतुवारी) पटके सवारी कर | ९,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |
| ७ | आदर्श टोल नरियावारी घेरावारी सडकको विर्तामोड खण्ड पटके सवारी कर | २,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |
| ८ | चारपाने उत्तर अर्जुनधारा सडकको विर्तामोड खण्ड पटके सवारी कर | २,००,००१।- | २०७५/४/९ गते कार्यालय समय सम्म | १०००।- ( फिर्ता नहुने गरी ) | २०७५/४/१० गते दिनको १२:०० बजे भित्र | २०७५/४/१० गते दिनको २:०० बजे |